# मुसिकोट राजपत्र


## मुसिकोट नगरपालिका द्वारा प्रकाशित

खण्ड ६) मुसिकोट,गुल्मी, असार २० गते,२०७९ साल (संख्याः१


# भाग-१

## मुसिकोट नगरपालिका,गुल्मी

## मुसिकोट नगरपालिकाको विनियोजन ऐन,२०७९

मुसिकोट नगरपालिकाको आर्थिक बर्ष २०७९।०८० को सेवा र कार्यहरुको लागि संञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२९ को उप–धारा बमोजिम (२) मुसिकोट नगर सभाले बनाएको देहाय वमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# मुसिकोट नगरपालिकाको विनियोजन ऐन, २०७९

मुसिकोट नगरपालिकाको आर्थिक बर्ष २०७९।०८० को सेवा र कार्यहरुको लागि स्थानिय संञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७९

**प्रस्तावनाः**

मुसिकोट नगरपालिकाको आर्थिक बर्ष २०७९।०८० को सेवा र कार्यहरुको लागि संञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम मुसिकोट नगर सभाले यो ऐन बनाएको छ।

१ .संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "मुसिकोट नगरपालिकाको विनियोजन ऐन, २०७९" रहेको छ।

(२)यो ऐन २०७९।०४।०१ देखि लागु हुनेछ।

२ .आर्थिक वर्ष २०७९।०८० को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकारः

(१) आर्थिक वर्ष २०७९।०८० को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ६७४७५७०००।० (अक्षेरुपी रु सरसठ्ठी करोड सरचालिस लाख सन्ताउन्न हजार मात्र( मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ।

३यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम (१) विनियोजनः . २०७आर्थिक वर्ष ९।०८० को निमित्त मुसिकोट नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका (१) उपदफा(२), वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन

मुसिकोट राजपत्र

सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको (२) जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिए तापनि नगरपा (४)लिकामा आ ०८०।२०७९.ब. ,मा अन्य व्यक्तिसंघसंस्था वा नतोकिएको क्षेत्रहरुमा प्राप्त हुन आएको रकम र/ नगरपालिकाबाट गरिने सम्पूर्ण आर्थिक कारोबारको अधिकार प्रचलित कानुन र यसै ऐन बमोजिम खर्च गर्ने अख्तियारी हुनेछ ।

अनुसूची १

(सँग सम्बन्धित २दफा )

नेपालको संविधानको धारा २२९बमोजिम (२)

संञ्चित कोषबाट विनियोजन हुने रकम

रु हजारमा

| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पुँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | – | नगर कार्यपालिका | ३९८३४६८७५ | २३७२१०१२५ | – | ६३५५५७००० |
| २ | – | वडा समिति | २७०००००० | ३६५०००००० | – | ३९२०००००० |
| ३ | – | बिषयगत शाखा | – | – | – | – |
| ४ | – | ऋणको सावा व्याज | – | – | – | – |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | भुक्तानी | | | | |
| ५ | – | लगानी शेयर/ऋण | – | – | – | – |
| जम्मा | | | ४०१०४६८७५ | २७३७१०१३२ | | ६७४७५७००० |

प्रमाणिकरण मिति
२०७९।३।१७

आज्ञाले,
खिमानन्द भुसाल
प्रमुख प्रशासकीय अधिकृत

मूल्यरू २०

मुसिकोट राजपत्र